म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ८६ बुधबार १५ कात्तिक २०८० ने. सं. ११४३ कौलागा 1 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सात दिनदेखि बेपत्ता प्रजाको शव फेला

हेटौंडा, १४ कात्तिक/सात दिनदेखि बेपत्ता भएका मकवानपुरका टेकबहादुर प्रजा सोमबार दिउँसो मृत अवस्थामा फेला परेका छन् ।

गत कात्तिक ७ गतेदेखि बेपत्ता भएका राक्सिराङ गाउँपलिका वडा नम्वर ६ निवासी प्रजा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । प्रहरीका अनुसार, आफुखुसी घरबाट निस्किएर गएका ३० वर्षीय प्रजा स्थानीय कागबेली सामुदायिक वनमा खिरिलोको रुखमा सलको पासो लगाई झुण्डिएको अवस्था मृत फेला परेका हुन ।

मृतक प्रजाको शव कानूनी प्रक्रिया पूरा गरी पोष्टमार्टमको लागि हेटौंडा अस्पतालमा ल्याइएको मकवानपुर प्रहरीले जनाएको छ ।

# एमाले मकवानपुरको अध्यक्षमा चार आकांक्षी



बद्री लम्साल



रघुनाथ खुलाल



श्रीधर पोखेल



लालबहादुर थापा

साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ नेकपा एमालेको संगठन विभागले माघ महिनाभित्र सबै जिल्ला पार्टी कमिटीको अधिवेशन गर्ने निर्णय गरेसँगै मकवानपुरमा नेताहरुको जमघट बढ्न थालेको छ ।

अधिवेशनमा सम्भावित उम्मेदवारहरुको भेटघाट र छलफल बाक्लिँदै गइरहेको हो । नेकपा (एमाले) मकवानपुरको जिल्ला र पालिका तहको अधिवेशन माघ महिनाभित्र गरिसक्नुपर्ने निर्णय भए पनि मकवानपुरमा पुसभित्रै अधिवेशन गरिसक्ने तयारी भइरहेको एक नेताले जानकारी दिए । 'अधिवेशन निजिकिएसँगै जिल्लामा सरगर्मी बढेको छ । नेताहरु भेटघाट र छलफलमा व्यस्त हुन थाल्नु भएको छ । अधिवेशन पुसमै हुन सक्ने बुझिन्छ ।,' ती नेताले भने । अधिवेशनबाट करिब ९० सदस्यीय जिल्ला कमिटी बन्नेछ । हाल लगभग २०० सदस्यीय जिल्ला कमिटी छ ।

जिल्ला अधिवेशनमा चार जना नेताहरु अध्यक्षको आकांक्षी देखिएका छन् । आकांक्षीहरुमा बद्री लम्साल, रघुनाथ खुलाल, श्रीधर पोखेल र लालबहादुर थापा छन् । यसअघि जिल्ला अधिवेशनमा अध्यक्ष उम्मेदवार भएर पनि नेतृत्वमा आउन नपाएका बद्री लम्साल अध्यक्षका आकांक्षी रहेको समाचार स्रोतको दाबी छ । इमान्दार छवि भएका लम्साल सहकारी क्षेत्रबाट चिनिएका व्यक्ति हुन् । उनी यसअघि पार्टी उपाध्यक्ष, पार्टी विभाजन पश्चात संयोजकको भूमिकामा थिए । लम्साललाई तत्कालीन एमालेमा माधव नेपाल समूह निकट मानिन्थ्यो । अबको अधिवेशनमा भने उनलाई संस्थापन पक्षले नै अध्यक्षको उम्मेदवार बनाउन लागेको चर्चा छ ।

'बद्री कमरेडलाई संस्थापन पक्षले नै उम्मेदवार बनाउने चर्चा सुनिएको छ । उहाँ सर्वसम्मत उम्मेदवार पनि बन्न सक्नुहुनेछ ।', समाचार स्रोतले भन्यो । एमालेको बागमती प्रदेश अधिवेशन पश्चात मकवानपुरमा राजनीतिक माहोलमा पनि फेरबदल आएको छ । प्रदेश अध्यक्षको उम्मेदवार मकवानपुरका कृष्णप्रसाद दाहाललाई हराउन एउटा समूह परिचालित भएको आरोपबीच आगामी जिल्ला अधिवेशनमा दुई वटा धार प्रष्टसँग देखिने भएको छ । संस्थापन इतरबाट श्रीधर पोखेल उम्मेदवार बन्न सक्ने चर्चा छ ।

पोखेल तत्कालीन एमालेमा संस्थापन पक्षका प्रभावशाली नेता थिए । राजनीति जीवनमा आएको उतरचढावका बीच पोखेल संस्थापन इतरको समूहबाट उम्मेदवार बन्ने चर्चा रहेको छ । यसैगरी, अध्यक्षको अर्का आकांक्षी रघुनाथ खुलाल छन् । तत्कालीन पार्टी अधिवेशनमा मुनु सिग्देलसँग १ मतले अध्यक्षमा पराजित भएका खुलाललाई संस्थापन पक्षले नेतृत्वमा ल्याउन सक्ने चर्चा छ ।

खुलाल बागमतीका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलका विश्वास पात्र हुन् । २०७४ को स्थानीय तह निर्वाचनपछि खुलाल जिल्ला समन्वय समितिको प्रमुख बने । अध्यक्षको आकांक्षीमा वर्तमान जिल्ला कमिटी उपाध्यक्ष लालबहादुर थापाको पनि नाम अगाडि आएको छ । ४ मंसिर २०७९ भएको निर्वाचनमा प्रदेशसभा निर्वाचन हारेका थापा अध्यक्षको आकांक्षी बन्ने देखिन्छ । तर, उनलाई पार्टीको नेतृत्व दिएर जाने पक्षमा शीर्ष नेताहरु नरहेको समाचार स्रोतले जानकारी दिएको छ ।

एमाले मकवानपुरको उपाध्यक्षमा नवीन सिग्देल, फुर्वा लामा, हिदम लामा र सुनिल मोक्तान आकांक्षीको रुपमा देखिएका छन् । सिग्देल र लामा वर्तमान कमिटीको सचिव र उपसचिवको जिम्मेवारीमा छन् । यसअघि पार्टी सचिवालयको निर्णयले जनप्रतिनिधि अध्यक्ष वा सचिवमा उम्मेदवार हुन नपाउने भएपछि सिग्देल र लामा उपाध्यक्षमा जानुपर्ने देखिन्छ । एमाले मकवानपुरको वर्तमान पदाधिकारीमा अध्यक्ष एकालाल श्रेष्ठ, सचिव सिग्देल, उपसचिव लामा जनप्रतिनिधि छन् । श्रेष्ठको अध्यक्षमा दोहोरिने योजनामा तत्काललाई ब्रेक लागेको छ ।

यसैगरी, पार्टीको सचिवमा बिदुर हुमागाईं आकांक्षीको रुपमा देखिँदैछन् । मकवानपुरगढी गाउँपालिकाको निवर्तमान अध्यक्ष हुमागाईंसँगै मदन दाहाल, नरहरि महत, राजन थापा पनि सचिवका आकांक्षी रहेको चर्चा छ । उपसचिव महिलामा सरला बोलखे, सिता विष्ट, आरती पाठक, रमिला सापकोटा, जुना दाहाल, पार्वती राना र सुमित्रा काफ्ले आकांक्षी रहेको चर्चा छ । उपसचिव पुरुषतर्फ मेम्वर लो, बुद्धि तामाङ, सन्तोष पौडेल, धरम लामा, सन्तोष चौलागाईं आकांक्षीको रुपमा देखिएका छन् ।

मकवानपुरमा २०८० भित्रै अधिवेशन हुने संकेत देखिएपछि विगतदेखि नै अध्यक्ष, सचिवलगायत पदाधिकारीका सम्भावित उम्मेदवारहरुले विगतदेखि नै लबिङ गरिरहेका थिए । एमाले मकवानपुरको नेतृत्व चयनमा निर्वाचन हुने सम्भावना बढी रहेको एक नेताले बताए । 'प्रदेश अधिवेशनको सन्देशबाटै देखिन्छ कि निर्वाचन हुन्छ, नेतृत्वको आकांक्षी धेरै हुन्छन्, मकवानपुरमा पनि दुई धार निश्चित छ, त्यसैले निर्वाचन हुँदैन भन्न सकिँदैन, कार्यकर्ताले निर्वाचन नै खोजेका छन् ।', ती नेताले भने । यसैगरी, पार्टीका जनसंगठनको प्रदेश तथा जिल्ला तहका अधिवेशन आगामी मंसिर र वडा कमिटीको अधिवेशन चैत मसान्तभित्र आयोजना गर्ने निर्णय संगठन विभागले गरेको छ । मकवानपुरमा पार्टीको भन्दा अगाडि जनसंगठनहरुको अधिवेशन हुनेछ ।

# सेवा विस्तार गर्दै हेटौंडा अस्पताल



साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ हेटौंडा अस्पतालमा मिर्गौला प्रत्यारोपण सेवा थप गर्ने गरी तयारी थालिएको छ । प्रदेश सरकारको ५ करोड बढी रकम लागतमा अस्पतालमा मिर्गौला प्रत्यारोपणको लागि आवश्यक तयारीका काम भइरहेको हो ।

अस्पतालले मिर्गौला प्रत्यारोपण सेवा सञ्चालनका लागि सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुरको प्राविधिक सहयोगमा काम अघि बढाएको हो । केन्द्र र अस्पतालबीच सम्झौताअनुसार हाल मिर्गौला प्रत्यारोपणका लागि निर्मलीकरण र अपरेसन थिएटर स्थापनाको काम भइरहेको हेटौंडा अस्पतालका मेडिकल सुपेरिटेण्डेन्ट डा. रामचन्द्र सापकोटाले जानकारी दिए । मिर्गौला प्रत्यारोपण केन्द्र स्थापनाका लागि गत आर्थिक वर्षमा प्रदेश सरकारले यस वर्ष ८ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो भने उक्त रकम ठेक्कामार्फत ५ करोड रुपैयाँमा काम गरेको थियो ।

जिल्लाकै एकमात्र सरकारी हेटौंडा अस्पतालले आफ्नो सेवा विस्तार गरिरहेको छ । केही दिन अघि मनोरोग वार्ड सञ्चालनको उद्घाटन गरेको अस्पतालले एमआरआई सेवा र मानव अंग प्रत्यारोपण सेवासमेत सुरु गर्ने तयारी गरेको छ । बागमती प्रदेश सरकार मातहतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रहेको उक्त प्रादेशिक अस्पतालले अत्याधुनिक एमआरआई मेसिन जडानको काम गरिरहेको छ । प्रदेश सरकार मातहतको स्वास्थ्य आपूर्ति केन्द्र हेटौंडाले उपलब्ध गराएको १.५ टस्ला एमआरआई अस्पतालले जडान गरी सञ्चालनमा ल्याएको हो ।

नयाँ भवनसहित उक्त एमआरआई सञ्चालनमा ल्याउन केन्द्रले १६ करोड रुपैयाँ खर्च गरेको छ । केन्द्रले युनाइटेड इमेजिङको एमआरआई टेन्डर खुलाएर सप्लायर्समार्फत अस्पताललाई उपलब्ध गराएको हो । हाल उक्त एमआरआई सञ्चालनको लागि हिलियम राख्ने काम भइरहेको छ भने आगामी केही सातामा सो काम सम्पन्न भईसँगै सञ्चालनमा आउने हेटौंडा अस्पतालका अध्यक्ष एवम् मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार राजेश प्रसाईंले जानकारी दिए । एमआरआई सेवाको पनि सुरुवात भएसँगै हेटौंडामा नै जटिल रोगको उपचारमा सहज हुने उनले बताए । उनका अनुसार उक्त एमआरआई मेसिन सञ्चालनमा आएसँगै दैनिक ४० जना बिरामीहरुलाई सहजै सेवा उपलब्ध गराउन सकिनेछ ।

उक्त एमआरआई मेसिन सञ्चालनका लागि ३ जना रेडियोलोजिष्ट र ४ जना रेडियोग्राफर अस्पतालमा रहेको उनले बताए । उक्त जनशक्ति मार्फत् चौबीसै घण्टा सेवा दिन सक्ने अवस्थामा अस्पताल रहेको उनको भनाई छ । केही समय अघिमात्र अस्पतालमा सिटी स्क्यान सेवासमेत सुरु गरिएको मेसु डा. सापकोटाले बताए । अस्पतालले १ सय २८ स्लाइसको सिटिस्क्यान मेसिन सञ्चालनमा ल्याएको र हाल चौबीसै घण्टा सेवा प्रवाहको काम भइरहेको उनको भनाई छ ।

# आजबाट हेटौंडा लेडी जेसीज सप्ताह




साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ हेटौंडा लेडी जेसीजको जेसीज सप्ताह आज बुधबारबाट सुरु हुने भएको छ । हेटौंडा लेडी जेसीजले भोलि कात्तिक १५ बाट १८ गतेसम्म विभिन्न कार्यक्रमको आयोजना गर्दै जेसीज सप्ताह मनाउन लागेको हो ।

जेसीज सप्ताहअन्तर्गत आज असोज १५ गते बुधबार दुई वटा कार्यक्रमको आयोजना गरेको छ । पहिलो कार्यक्रमअन्तर्गत हेटौंडा उपमहानगरपालिका-१ मा रक्तदान र हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसमा स्व.बुद्धरत्न शाक्य स्मृति खुल्ला वक्तृत्वकला प्रतियोगिता कार्यक्रमको आयोजना गरेको छ । यसैगरी, १६ गते हेटौंडा-१ चौकीटोलस्थित ॐ वृद्धआश्रममा खाद्यान्न वितरण र हेटौंडा-४ मा रहेको भुङ्ग्रो थकालीमा बैठक संचालन प्रणली तालिमको आयोजना गरेको हेटौंडा लेडि जेसीज अध्यक्ष दिलमाया घर्तीले बताइन् ।

यसैगरी, १७ गते हेटौंडा-४ स्थित सितलमहल चोकमा स्लो स्कुटी रेस, चकरीमा विद्यालयमा स्व.बासुप्रसाद पौडेल शैक्षिक सामग्री हस्तान्तरण कार्यक्रमको आयोजना गरिएको र १८ गते बिहान हेटौंडा-५ मा रहेको हाम्रो घर बालगृहमा सरसफाई सामग्री हस्तान्तरण गर्दै सोही दिन दिउसो समापन कार्यक्रम रहेको मुल कार्यक्रम संयोजक अस्मिता न्यौपानेले जानकारी दिइन् ।

# मकवानपुरमा दूध आयातमा रोक लगाउन प्रशासनसँग माग



साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ मकवानपुरमा अवैधानिक रुपमा बाहिरी जिल्लाहरुबाट आयात गरिएको दूध तथा दुग्ध जन्य पदार्थ बिक्री वितरण भइरहेको प्रति हेटौंडाका नागरिक समाजले आपत्ति जनाएको छ ।

मंगलबार ध्यानाकर्षण पत्रमार्फत जिल्लाका प्रमुख नाकाहरुबाट राजस्व छलि गरी बिना बिल बिजक गुणस्तर मापदण्ड विपरित गैरकानुनी ढंगबाट हेटौंडाका मुख्य बजारहरुमा दूध एवम् दुग्ध जन्य पदार्थ बिक्रि वितरण भइरहेको भन्दै नागरिक समाजको एक समुहले मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी झरेन्द्रप्रसाद चापागाईंलाई ध्यानाकर्षण गराएको हो ।

उपभोक्ताहरुको मानव स्वास्थ्यमा पर्ने असर पशुचौपायाहरुमा हुनसक्ने रोगहरुको संक्रमणको जोखिम र राजस्व छलिबाट हुने नोक्सानीको लागी उद्योगहरुमा बाहेक जिल्ला बाहिरका अप्रसोधित दूध तथा दुग्ध जन्य पदार्थहरुको खुलम खुल्ला बिक्रि बितरणमा अबिलम्ब रोक लगाई कारबाहीको प्रक्रिया अघि बढाउनु पर्ने पत्रमा भनिएको छ । नेपालमा भइरहेको गाई, गोरु तस्करी र सामान्य पशु अधिकारको समेत ख्याल नगरी गरिने ढुवानीको नियन्त्रणको लागि जिल्लाका मुख्य नाकाहरुमा रेकर्ड रहने गरी सिसिटिभि क्यामेराको निगरानिमा जाँच गरी नियन्त्रण गर्न समेत आग्रह गरेका छन् ।

पत्र बुझ्दै सहायक प्रमुख जिल्ला अधिकारी चापागाईंले यस विषयमा छलफल अघि बढाउने बताए । छलफल पश्चात नियमणका निम्ति आवश्यक कानुनी प्रक्रिया अघि बढाइने उनको भनाई छ । पत्रमा गुञ्जनबहादुर न्यौपाने, सन्दीप कुमार सापकोटा, राममणि न्यौपाने, बिकास दुलाल, दामोदर दाहालको हस्ताक्षर रहेको छ ।

# ५ प्याकेट पटका बरामद

साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले भन्सार छली ल्याएको अवैध पटका ५ प्याकेट बरामद गरेको छ ।

प्रहरीले मंगलबार हेटौंडा उपमहानगरपालिका वडा नम्वर-१५ पिपल चौतारा नजिकैबाट ५ प्याकेट (२५० पिस) पटका बरामद गरेको हो । उक्त पटका पुर्व-पश्चिम सडकखण्डमा खटिएको चेकिङ टोलीले बरामद गरेको मकवानपुरका प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । उनका अनुसार विरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको ना ५ ख ५२६४ नम्बरको तेलको ट्याङकरलाई जाँच गर्दा उक्त परिमाणको पटका बरामद गरिएको हो ।

# लोपोन्मुख समुदाय र आश्रितहरुको स्वास्थ्य बीमा




साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ बागमती प्रदेश सरकारले सीमान्तकृत, लोपोन्मुख, आश्रममा आश्रित, 'ख' वर्गका अपाङ्ता व्यक्तिको स्वास्थ्य बीमा गरिदिने भएको छ ।

प्रदेशको स्वास्थ्य मन्त्रालयले पाँच करोड २५ लाख रुपियाँ खर्च गरेर स्वास्थ्य बीमा गर्न लागेको हो । स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा. रविन भुसालले प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८०/८१ को कार्यक्रम अनुसार पछाडि पारिएका समुदायको स्वास्थ्य बीमा गरिदिन लागेको जानकारी दिए । बीमा कार्यक्रमबाट वनकरिया, सुरेल, माझी, चेपाङ, थामी, बोटे, दनुवार लगायतका समुदाय लाभान्वित हुने भएका छन् ।

मन्त्रालय र स्वास्थ्य बीमा बोर्ड बागमती प्रदेश कार्यालय भक्तपुरबीच गत असोजमा असोज ४ देखि २०८१ असार समान्तसम्म लागु हुने गरी भएको सम्झौतापत्रमा मन्त्रालयका वरिष्ठ स्वास्थ्य प्रशासक डा. खगेश्वर गेलाल र बोर्ड बागमती प्रदेश संयोजक जीवलाल खरेलले हस्ताक्षर गरेका छन । मन्त्रालयले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको बीमा बापतको ५० प्रतिशत प्रिमियम तिरिदिने भएको छ । स्वास्थ्य बीमा कार्यक्रममा सहभागी हुने पाँच जनासम्म सदस्य भएको प्रतिपरिवार तीन हजार पाँच सय र पाँच जनाभन्दा बढी सदस्य भएमा प्रतिसदस्य सात सय रुपियाँ थप गर्नुपर्ने व्यवस्था छ ।

प्रदेशका प्रत्येक वडाबाट नै लाभर्ग्राहीको पहिचान गरेर स्वास्थ्य बीमाको प्रिमियम भुक्तानी गरिने छ । आर्थिक अभावका कारण लक्षित वर्गलाई उपचार पाउन समस्या भएपछि प्रदेश सरकारले उनीहरूको बीमा गरिदिन लागेको हो । गत आवमा प्रदेश सरकारले मकवानपुरका ६ सय ११, भक्तपुर का चार, ललितपुरका पाँच र चितवनका १७ गरी चार जिल्लाका ६ सय ३७ परिवारको बीमा गरि दिएको थियो ।

# घरको छतबाट खस्दा २ वर्षीय बालक गम्भीर

साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ हेटौंडा उपमहानगरपालिका-४, स्थित रानी दरबार नजिक २ वर्षीय बालक घरको छतबाट खस्दा गम्भीर घाइते भएका छन् ।

घाइते हुनेमा उमा वाग्लेको छोरा अन्दाजी २ वर्षीय आएस वाग्ले रहेको मकवानपुरका प्रहरी प्रवक्ता डिएसपी लक्ष्मी भण्डारीले जानकारी दिए । उनी आफ्नै एक तले घर छतबाट खसेका थिए । वाग्लेको उपचारको लागि हेटौंडा अस्पताल लगिएकोमा अस्पतालले थप उपचारको लागि चितवन रिफर गरेको डिएसपी भण्डारीले जानकारी दिएका छन् ।

## सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# रक्तदान-जीवनदान, महादान अभियानमा लागौं

रगतबिनाको जीवनको कल्पना पनि गर्न सकिँदैन । स्व-इच्छाले रगत दान गर्नुलाई नै रक्तदान भनिन्छ । आकस्मिक कारणले अकालमा ज्यान जान लागेको मानिसलाई बचाउने विकल्प रक्तदान नै हो । नेपालमा २००० सालदेखि रक्तदान कार्यको सुरुवात भएको इतिहास छ । समाजेवी दयावीरसिंह कंसाकार नेपालका पहिलो रक्तदाता हुन् । नेपालमा बर्षेनी करिब तीनलाख युनिट रगत चाहिन्छ तर, जहिल्यै अभावका समाचार आइरहेका हुन्छन् । बाढी, पहिरो र भूकम्पको समस्या तथा अनिच्छित गर्भधारण, गर्भपतन र सिजेरियन अप्रेसन पनि पहिलेको तुलनामा बढेकाले रगतको माग आकाशिएको पाइन्छ ।

विज्ञानले धेरै प्रगति गरेता पनि कृत्रिम तरिकाले रगत बनाउने सूत्र फेला पारेका छैनन् । ब्लड बैंकहरुले पनि आवश्यक मात्रामा सेवाग्राहीलाई रगत उपलब्ध गराउन सकिरहेका छैनन् । योग्य व्यक्तिहरुले पनि रक्तदान नगर्ने प्रवृतिले गर्दा देशमा रगतको चरम संकट परेको छ । रगतले शरीरभित्र पोषण, लवण, हर्मोन, भिटामिन, अक्सिजन, रोगसँग लड्ने एन्टिबडीसँगै कार्वनडाइअक्साइड, युरियाजस्ता विकार ओसार-पोसार गर्छ । रगतको रातो रक्तकणले अक्सिजन तथा कार्वनडाइअक्साइड यताउति गर्न, श्वेत रक्तकणले रोगसँग लड्न र प्लेटलेट्सले रगत जमाउने काम गर्छ ।

'रक्तदान जीवनदान, रक्तदान महादान' यी स्लोगन हामीले बारम्बार सुन्ने गरेका छौं । रक्तदानका लागि प्रेरित गर्न यी वाक्यांशले धेरै भूमिका पनि खेलेका होलान् । तर, रक्तदान गर्नु अघि केही कुरामा ध्यान पुऱ्याउनुपर्छ । स्वस्थ शरीर, मानसिक सन्तुलन ठीक, कम्तिमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको र कम्तिमा ४५ केजी तौल भएको, मलेरिया, क्षयरोग, जन्डिस, मधुमेय तथा एचआईभी एड्स नलागेका व्यक्ति रक्तदान गर्न सक्षम हुन्छन् । गर्भवती र महिनावारीको समयमा र सुत्केरी भएको छ महिनाभन्दा अगाडि रक्तदान गर्नु हुँदैन ।

अधिक रक्तश्रावका बिरामी, प्रसुति, मुटु-मस्तिष्कलगायतको शल्यक्रिया र दुर्घटनामा परेकालाई बचाउन रगत अनिवार्य हुन्छ । थालासेमिया, ल्यूकेमियालगायतको रक्त क्यान्सर, हेमोफिलिया लगायतको रक्त क्यान्सर, हेमोफिलिया र रक्त अल्पताजस्ता समस्यामा तारन्तार रगत चाहिरहन्छ । यस्तोमा हामो एक सहयोगले यस्ता कयौं मानिसको अमूल्य जीवन बच्छ । कतिपयले रक्तदान गर्दा कमजोर भइन्छ भन्ने ठान्छन् तर, वास्तविकता के हो भने पुरुषको शरीरलाई प्रतिकेजी ७६ एमएल र महिलाको शरीरमा प्रतिकेजी ६६ एमएल रगत हुन्छ । तर, शरीर सञ्चालनका लागि चाहिने आवश्यक रगत ५० एमएल मात्रै हो । त्यसकारण पुरुष र महिलाको शरीरमा प्रतिकेजी क्रमश २६ र १६ एमएलका दरले रगत बढी हुन्छ । यही बढी भएको रगतमात्रै दान गर्ने हो । शरीरमा बढी भएको रगत दान गर्दा आफूलाई हानि नगर्ने र अर्कोको ज्यान बचाउन सकिने हुँदा यो अभियानमा सबैजना लाग्नु पर्दछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० कात्तिक १६ गते बिहीबार, २ नोभेम्बर २०२४ । पञ्चमी, कात्तिक कृष्णपक्ष । कौलागा ११४३ ने.सं. । सूर्योदय ६:१५, सूर्यास्त ५:१८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अनावश्यक झंझट बृद्धि | तुला | : मित्रबर्गबाट धोका |
| वृष | : आरोप प्रत्यारोपको सामना | वृश्चिक | : सम्पत्ति सम्बन्धी विवाद |
| मिथुन | : ऋण नाश | धनु | : न्यायिक कार्यमा सफलता |
| कर्कट | : खर्च वृद्धि | मकर | : कार्यगत उतारचढाव |
| सिंह | : आफन्तबाट चिन्ता | कुम्भ | : आर्थिक सिद्धि |
| कन्या | : इष्ट सिद्धि | मीन | : कार्य सिद्धिमा विलम्ब |

# कहाँ छ देश बनाउने शक्ति ?



डम्बर खतिवडा



'यसो भएन उसो भएन, यो बिग्रियो त्यो बिग्रियो, यसो हुनु पर्थ्यो, उसो हुन पर्थ्यो, देश बनेन बन्दै बनेन, बर्बाद भो' जस्ता सदाबहार गनगन र गुनासा गर्नेहरुलाई अचेल प्रतिप्रश्न गर्न मन लाग्छ,' गर्नु पर्थ्यो चाहिँ कस्ले ?

देश बनाउँने पर्थ्यो कस्ले ? कस्को जिम्मेबारी हो यो ? देश बनाउँने ठेक्का कस्ले पाएको छ कसबाट ? अझै पनि गर्दिने कस्ले हो ? कोसंगको गुनासो हो यो ? कोसँग छ त्यस्तो शक्ति ? शक्ति, क्षमता र योग्यता नै नभएकाहरुसँग त्यस्तो गुनासो गर्नुको कुनै अर्थ छ ?

यस्ता प्रतिप्रश्नको अर्थ-वाक्क दिक्क लागेर चिडचिडाहट, ओठे जवाफ व्यक्त गर्नका लागि भने हैन । त्यस्ता गुनासोकर्ताप्रतिको कुनै पूर्वाग्रह वा वितृष्णा हैन । गुनासो नाजायज छ भन्ने पनि हैन । एक आधारभूत प्रश्नमा मानिसको ध्यान खिच्न खोजेको मात्र हो । के देश बनाउँने ताकत वा शक्ति कसैसँग छ यतिखेर ?

मानौं कि कोही देश बनाउँन मनैदेखि इमान्दार छ भने पनि सक्छ कसैले ? यदि कसैसँग शक्ति नै छैन भने शक्तिहीनसँग गुनासो गरेर के हुन्छ ? यदि कसैसँग क्षमता नै छैन भने योग्यताहीनसँग गुनासो गरेर के हुन्छ ? आफ्नो देश राम्रो नहोस, राम्रो नबनोस भन्ने कसलाई लाग्दो हो ? तर, नसकेर न हो । वृद्धि, ज्ञान, सीप, कला नपुगेर न हो । योजना, सपना र दुरदृष्टिको वैज्ञानिकता नभएर न हो । सोच नै अपर्याप्त वा अमिल्दो भएर न हो । शक्ति नभएर न हो ।

कतै देश बनाउने कुरा गर्नु अघि हामीले देश बनाउने शक्ति पो बनाउनु पर्ने हो कि ? देश बनाउनुभन्दा देश बनाउने शक्ति बनाउनुचाहिं पहिलो र आधारभूत प्रश्न हो कि ? हामी शक्तिहीन र क्षमताहीनहरुसँग बेफ्वाँकमा गुनासो गरेर जीवनको अमूल्य समय खेर पो फ्याल्दै छौं कि ? कोसँग छ त त्यस्तो शक्ति ? खोइ देश बनाउने शक्ति ? देश बनाउने शक्ति नै नभइकन आफैं बन्छ त देश ?

बन्छ, स्वस्फूर्त र मात्रात्मक रुपमा पनि केही न केही त बन्छ । जस्तो कि अहिले पनि केही भएन भन्दाभन्दै पनि भौतिक पूर्वाधार विकासमा केही न केही राम्रै भएको छ । सूचना र सञ्चार क्षेत्रको विकासमा राम्रै भएको छ । साक्षरता र औसत आयू वृद्धि भएकै छ ।

नभएको , देश नबनेको भन्नुको अर्थ- मात्रात्मक हैन, गुणात्मक हो । स्वस्फूर्त हैन, संस्थागत हो । अव्यवस्थित हैन, व्यवस्थित हो । गुणात्मक, संस्थागत, नैतिक मूल्य प्रणालीमा आधारित, न्यायिक, सुशासित, व्यवस्थित र समृद्ध देश बनेन भन्ने गुनासो न हो ? हो, यस्तो देश बनाउँने सोच, सपना र सामर्थ्य भएको शक्ति खै ? कुन हो ? कोही त छैन ।

देश बनाउने शक्तिको बिमर्शले थप दुई वटा आधारभूत प्रश्न आकर्षित गर्दछ । पहिलो- देश बनाउने शक्ति भनेको के हो ? कस्तो हो ? राजनीतिक दल शक्ति हैनन् ? राज्य संरचना शक्ति हैन ? आम नागरिक तथा श्रमशक्ति शक्ति हैन ? यी सबै चिज छन त हामीसँग ? फेरि कुन शक्ति चाहिएको हो ?

दोस्रो- शक्ति कहाँ हुन्छ ? कसरी बसेको हुन्छ ? के भए शक्तिले काम गर्दछ र परिणाम दिन्छ ? के भए शक्तिले काम गर्दैन र परिणाम दिंदैन ? यतिका धेरै शक्ति हुँदाहुँदै पनि देशले किन परिणाम निकाल्न सकिरहेको छैन ?

यीमध्ये दोस्रो प्रश्नबाट बिमर्श प्रारम्भ गर्न उचित होला । शक्तिको आम सिद्धान्त हो कि त्यो आफैंमा व्यप्त हुन्छ । शक्ति बन्ने बनाउने कुरा हैन । त्यो आफैं हुने हो । जस्तो कि प्रकाश एक शक्ति हो । ताप एक शक्ति हो । ध्वनी एक शक्ति हो । विद्युत एक शक्ति हो । गति एक शक्ति हो । गुरुत्वाकर्षण एक शक्ति हो । शक्तिका यस्ता अनेक रुप छन् ।

यी कुनै पनि शक्ति मानिसले बनाएका हैनन, प्राकृतिक हुन् । प्राकृतिक अर्थात् ब्रफमाण्डीय । मानिसले शक्तिको सिर्जना गर्ने हैन, स्वयं मानिसमा प्रकृतिको शक्ति व्यप्त हुने हो । तसर्थ दर्शनशास्त्रमा भन्ने गरिन्छ- व्यक्ति आफैमा एक ब्रह्माण्ड हो र ब्रह्माण्ड आफैंमा एक व्यक्ति । वैज्ञानिक दृष्टिकोणबाट हेर्दा वेदान्तको अद्वैत दर्शनले भन्ने गरेको 'अहं ब्रह्मास्मी' को अर्थ यही हो । 'अहं ब्रह्मास्मी'- मेरो शरीर र चेतनशक्तिभित्र ब्रफमाण्डका सबै भौतिक तत्व तथा उर्जा शक्ति समाहित छन् । तसर्थ म नै ब्रह्माण्ड हुँ । ब्रह्माण्ड म हो ।

राजनीतिको यस्तो व्यप्त, प्राकृतिक तथा ब्रह्माण्डीय शक्ति सधैं नागरिकमा हुन्छ । आम जनतामा हुन्छ । देश बनाउन यस्तो शक्तिको अभाव कहिल्यै हुँदैन । तर, जसरी प्रकृतिमा व्यप्त शक्ति आफै ऊर्जामा परिणत हुँदैन, त्यसरी नै राजनीति विज्ञानमा नागरिक शक्ति आफैं देश बनाउने शक्तिमा परिणत हुँदैन ।

मानिसले शक्ति रुपान्तरण गर्ने संयन्त्र, यान्त्रिकी वा प्रविधि बनाउँछ । त्यसैलाई हामी उर्जा उत्पादन भन्ने गर्दछौं । फेरि एक उदाहरणमा भनौं- पानीमा करेन्ट आफैं व्याप्त छ । त्यो प्राकृतिक, ब्रह्माण्डीय विशेषता हो । मान्छेले पानीमा करेन्ट सिर्जना गर्ने हैन । पानीमा व्यप्त करेन्टलाई टर्वाइनमा हालेर बिजुली उत्पादन गर्ने मात्र हो । मान्छेको काम हो- टर्वाइन बनाउनु, पावर हाउस बनाउनु र बिजुली निकाल्नु । पानीको करेन्टलाई विद्युत ऊर्जामा परिणत गर्नु । प्राकृतिक शक्तिलाई ऊर्जा शक्तिमा रुपान्तरण गर्नु ।

राजनीति सामाजिक विज्ञान भएको हुँदा यसको प्रक्रिया र प्रवृति केही फरक हुन्छ तर बिल्कुलै फरक हुँदैन । पानीमा करेन्ट भएजस्तो समाजमा, नागरिकमा, जनतामा राजनीतिक शक्ति आफैं व्याप्त हुन्छ । त्यो कसैले बनाउन पर्दैन । यदि कसैले मैले शक्ति सिर्जना गरे, बनाए भन्ने ठान्दछ भने त्यो अल्पज्ञान र भ्रम मात्र हो ।

कसैलाई मन परोस वा नपरोस, कसैलाई प्रिय लागोस वा अप्रिय लागोस, शक्तिले कसैलाई दमन गरेको होस वा उद्दार शक्ति त हुन्छ हुन्छ । अर्थात् समाज वा राज्य 'पावर ग्याप' मा बस्न सक्दैन । समाज शक्तिहीनतामा बस्न नसक्ने भएको कारणले अनेक प्रकारको नकारात्मक तथा ऋणात्मक शक्ति पनि जन्मिने गर्दछन् ।

नेपालको इतिहासमा बारम्बार त्यस्तो भएको छ । शक्ति शून्यताको परिपूर्तिकै लागि कोत पर्व जस्तो हिंस्रक घटना भएको थियो र राणा शासन जन्मेको थियो । यदि त्यसअघिका शाह राजाले शक्तिको नियम मुताविक काम गर्न सकेको भए, शक्ति सिद्धान्त अनुरुपको दायित्व पूरा गरेको भए, न कोत पर्व हुन्थ्यो, न राणा शासनजस्तो कुख्यात शासनको जन्म नै हुन्थ्यो न त त्यसलाई १०४ जनताले खेप्न पर्थ्यो ।

ठीक त्यही कुरा- २०४६ सालपछि भएको हो । कांग्रेस-एमालेले शक्ति सदुपयोगको नियम नबुझ्दा, अन्तर्कलह र गुटबन्दीमा फस्दा, विकृत संसदीय अभ्यास गर्दा एकातिरबाट माओवादी जनयुद्ध भएको थियो । अर्कोकोणबाट ज्ञानेन्द्र शाहको तानाशाहीको उदय भएको थियो । ती सबै शक्तिका विकृत तथा नकारात्मक अभ्यास थिए । जनान्दोलन २०६२/२०६३ ले त्यसलाई धनात्मक रुपान्तरण गरेको थियो ।

देशमा आज फेरि अर्को प्रकारको शक्ति रिक्तताको स्थिति उत्पन्न भएको छ । विशेषत: २०७४ को आमनिर्वाचनले अनुमोदित गरेको झण्डै दुईतिहाईको कम्युनिष्ट गठबन्धनको सरकारको पतन र नेकपा (नेकपा) को विघठनपछि देश नयाँ प्रकारको शक्ति शून्यतातिर उदत्त छ । यो स्थितिलाई हल नगरिकन, शक्तिलाई नयाँ ढंगले प्रोसेसिङ, व्यूहीकरण वा बिन्यास नगरिकन देश बन्ने कुनै संभावना छैन । किनकी राष्ट्रिय राजनीतिमा यतिखेर देश बनाउने ल्याकत भएको कुनै शक्ति नै छैन ।

जब शक्तिको यस्तो रिक्तता वा शून्यताजस्तो स्थिति पैदा हुन्छ, नागरिक आफैले त्यसलाई नयाँ ढंगले बनाउने प्रयत्न प्रारम्भ गर्नु पर्दछ । आम मान्छे वा समाजलाई कहिल्यै शक्तिहीन ठान्न हुँदैन । किनकी राजनीतिक विज्ञानमा शक्तिको व्याप्त, प्राकृतिक तथा ब्रह्माण्डीय स्रोत त्यही हो ।

कुनै शक्ति छ त्यही नै अन्तिम र अन्त्यहीन हो भन्नु मुर्खता हो । नढलुनजेल राजतन्त्र धेरै ठूलो शक्ति थियो जस्तो लाग्दथ्यो, तर ढल्दा यसरी ढल्यो मानौं कि त्यो कुनै शक्ति नै थिएन । शक्तिको भ्रम मात्र थियो । आजका ठूला, पुराना, बलियो संगठन र जनमत भएका भनिएका राजनीतिक दल र तिनका शीर्ष नेता पनि त्यस्तै हुन् । नहारुन्जेलसम्म कति धेरै शक्तिशाली जस्तो लाग्दछन, हारेका दिन कसैले गणना समेत नगर्न सक्दछ ।

खासमा यी दल र नेताको शक्ति यतिधेरै क्षय भइसकेको छ कि अब यिनीहरुबाट अपेक्षा गर्नु नै मुर्खता हो । यिनीहरु भएनन् भने केके न हुन्छ, कस्तो न नौवत आउँछ भन्ने सोच राख्नु नै मुर्खता हो । यिनीहरु नभए पनि देश अघि बढ्छ । यिनीहरु सिद्धिए देश झन राम्रोतिर जान सक्दछ । किनकि शक्ति रुपान्तरण, व्यूह र विन्यास सिद्धान्तअनुरुप कुनै न कुनै सकारात्मक तथा धनात्मक शक्तिले देशलाई अघि बढाउन अनिवार्य र अपरिहार्य हुन्छ ।

यहाँनेर निकाल्न खोजिएको निष्कर्ष के हो भने व्यप्त शक्तिलाई मानव उपयोगी रुपान्तरण गर्ने जुन प्रक्रिया हुन्छ, यदि हामीसँग शक्तिको अभाव छ भने हामीले त्यो प्रक्रिया पूरा गरेका छैनौं भन्ने अर्थ लाग्दछ । यदि हामीले भनेजस्तो, चाहेजस्तो देश बनाउन सकेनौं भन्ने हाम्रो गुनासो हो भने त्यसको अर्थ हो- हामीले त्यस्तो शक्ति उत्पादन गर्ने प्रक्रिया नै पूरा गरेका छैनौ, अनि कसरी बन्छ देश ?

नदीको किनारमा तपाईंको घर छ भन्दैमा नदीको पानीमा व्यप्त करेन्ट विजुली बनेर आफैं तपाईंको घरलाई उज्यालो दिन आउँदैन नि । पहिलो कुरा त शक्ति उत्पादन हुनु पऱ्यो । दोस्रो कुरा त्यसको सही र सन्तुलित उपयोग हुनु पर्यो । शक्ति उत्पादन भएर दुरुपयोग भयो भने पनि सही परिणाम आउँदैन नि । बिजुली सधैं उपयोगी कहाँ हुन्छ ? करेन्ट लागेर जल्न, आगलागी भएर मर्न पनि त सकिन्छ ।

अब पहिलो प्रश्नमा जाउँ- देश बनाउने शक्ति भनेकै के हो ? त्यस्तो शक्ति कहाँ र कसरी बसेको हुन्छ ? प्रणालीगत आधारमा त्यस्तो शक्ति फरकफरक ठाउँमा हुन्छ । राजतन्त्रमा त्यस्तो शक्ति दरबार, दरबारनिष्ठ संगठन र राजामा हुन्छ । सैनिक शासनमा त्यस्तो शक्ति सेना र सैनिक जर्नेलमा हुन्छ । धार्मिक शासनमा त्यस्तो शक्ति धार्मिक संगठन र धर्म गुरुमा हुन्छ । एकदलीय प्रणालीमा त्यस्तो शक्ति कुनै एक दल, त्यसको संगठन वा त्यसको नेतासंग हुन्छ । लोकतन्त्रमा त्यस्तो शक्ति दल र दलका नेतामा हुन्छ । किनकि दलले नागरिक संगठन र समर्थनको प्रक्रियामार्फत् शक्तिको रुपान्तरण गरेको हुन्छ ।

यथार्थमा सबै शासन प्रणालीमा शक्ति प्राकृतिक तबरले व्याप्त हुनेचाहिँ नागरिक मै हो, व्यक्तिव्यक्तिमा मान्छेमान्छेमा हो । तर, नागरिकमा व्यप्त भएको शक्ति फरकफरक राजनीतिक प्रणालीले फरकफरक तरिकाले 'प्रोसेसिङ' गर्दछ । फरकफरक तरिकाले व्यूहीकरण र विन्यास गर्दछ । लोकतन्त्रले राजनीतिक आन्दोलन, दलीय संगठन र आबधिक निर्वाचनमार्फत् दलमा संकेन्द्रण गर्दछ ।

नेपालमा दलको त कुनै कमी छैन । चुनाव पनि भएकै छन । फेरि देश किन बनिरहेको छैन ? किन कोही खुशी र सन्तुष्ट छैनन् ? शक्तिको कुन सिद्धान्तले काम गर्दछ यस्तो बेला ? ग्याप कहाँनेर हो ? यस सन्दर्भमा शक्तिलाई अर्को एउटा आयामबाट हेर्न पर्दछ- त्यो हो शक्तिको सार्थक उपयोगिता सिद्धान्त । अर्थात् शक्ति छ नै भने पनि त्यसको सार्थक उपयोग वा उद्देश्य छैन भने त्यो खेर जान्छ । जस्तो कि बिजुली छ, बालिन्न भने त्यो खेर जान्छ। शक्ति उत्पादन गरेर मात्र हुँदैन, त्यसको सार्थक उपयोग हुनु पर्दछ । शक्तिसँग कुनै न कुनै उद्देश्य वा मिसन जोडिएको हुनु पर्दछ । अन्यथा त्यो खेर जान्छ ।

शक्ति उत्पादन नै भएन, त्यो एउटा समस्या हो । उत्पादन भएर पनि उपयोग भएन त्यो अर्को समस्या हो । उपयोग भएर पनि कुनै उद्देश्य वा योजनासंग जोडिएन त्यो तेस्रो प्रकारको समस्या हो । जस्तो कि राजावादीहरू । हिजो २४० वर्षसम्म उनीहरू शक्तिमै थिए त ? आज शक्तिहीन भयौं भनेर किन रुन पऱ्यो ? जतिखेर उनीहरुसँग शक्ति थियो, त्यसको सही उपयोग गरेर नागरिकलाई सन्तुष्ट पारेको भए, उनीहरु सत्ताबाट फालिदैन्थे । जब फालिइसके भने उनीहरुको सान्दर्भिकता स्वत: समाप्त भयो । उनीहरु सत्ताबाट फालिनुको अर्थ नै उनीहरुले 'प्रोसेसिङ' गरेको शक्ति देश बन्न बनाउँनका लागि सार्थक, उपयोगी र उद्देश्यमुलक थिएन भनेर पुष्टि हुनु हो । फेरि केको रडाको ?

अर्थात् यसलाई अर्को तरिकाले पनि भन्न सकिन्छ- राजावादी शक्तिबाट जस्तो देश बन्न, बनाउन सकिन्थ्यो, त्यो त भोगिसकियो, त्यसले नभएर, नपुगेर नै त यतिका धेरै क्रान्ति, विद्रोह, आन्दोलन र परिवर्तन भएका थिए । अनि केको गनगन ? राजावादी आन्दोलनमा लाग्नेले यो बुझ्दा राम्रो हुन्छ कि उनीहरु कुनै देश बनाउने आन्दोलन र उद्देश्यमा छैनन्, आफ्नो जीवन र उर्जालाई वाइयात काममा मुफतमा खेर फालिरहेका छन । राजावादी हुनुभन्दा त करेसाबारी गोडेर बस्नु धेरै महान, सार्थक र उद्देश्यमुलक काम हो ।

दोस्रो- अब कम्युनिष्टहरुको कुरा गरौं । कम्युनिष्टहरुसँग उद्देश्य पनि थियो । यिनीहरुले शक्तिलाई निक्कै लामो समय लगाएर 'प्रोसेसिङ' पनि राम्रै गरेका हुन् । २०७४ को चुनाव कम्युनिष्ट शक्तिको पराकाष्ठा थियो । करिब ७ दशक लगाएर उनीहरुले पहिलोपटक झण्डै दुई तिहाईको बहुमत पाएका थिए । नेकपा (नेकपा) नामको विशालकाय पार्टी बनाएका थिए । तर, त्यो गुम्यो । किनकि उनीहरुले त्यो शक्तिको सही सदुपयोग गर्न सकेनन् ।

कुनै पनि शक्तिको यात्रा पराकाष्ठाभन्दा माथि जाँदैन । त्यसपछि त्यो ओरालो नै लाग्ने हो । अब कम्युनिष्टहरु निरन्तर ओरालो लाग्दछन् । हरेक चुनावमा घट्दै जान्छन । शक्तिको प्राकृतिक सिद्धान्त मुताविक नै अब कम्युनिष्टहरुले त्यति ठूलो अवसर कम्तिमा २ दशकभित्र पनि प्राप्त गर्न सक्दैनन् । त्यसपछि बिल्कुलै नयाँ रुपमा विकसित भए भने भिन्नै कुरा ।

देशमा अहिले पनि दर्जनौं कम्युनिष्ट समूह छन । ती सबैको संगठन र भोटलाई एक ठाउँमा ल्याउने हो भने कम्युनिष्ट शक्तिलाई अहिले पनि कम आँक्न मिल्दैन । तर, फेरि पनि कम्युनिष्ट शक्तिले जनताले चाहेजस्तो देश बनाउनचाहिँ किन सकेन त ? झण्डै दुई तिहाईको बहुमत ल्याएर पनि कम्युनिष्ट शक्ति किन खेर गयो त ? किनकि उनीहरुको शक्ति-उद्देश्यमै विरोधाभाष थियो ।

कम्युनिष्टहरुले देश बनाए भने हिजोको सोभियत संघ, पूर्वी युरोप वा उत्तरकोरिया, क्युवाजस्तो बन्ने हो । सिंगापुर, दक्षिण कोरिया, फिनलैण्ड, स्विट्जरल्याण्ड, स्वीडेनजस्ता देश कम्युनिष्टबाट सम्भव नै हुँदैन । यहाँसम्म कि चीनको जत्तिको उन्नति गर्न पनि माओवाद छोडेर देङवादमा आउनुपर्छ । नेपाल त चीनजस्तो एकदलीय प्रणाली भएको मुलुक पनि हैन ।

अर्थात् कम्युनिष्टहरुले 'प्रोसेसिङ' गरेको शक्तिको उद्देश्य नै सभ्य, सुशासित, समृद्ध र लोकतान्त्रिक मुलुक बनाउनु हैन । सर्वहारा राज्य बनाउन बनेको थियो त्यो शक्ति । त्यो उद्देश्यबाट उनीहरु च्यूत भइसके । नयाँ उद्देश्य निर्धारित छैन । कम्युनिष्ट शक्ति एक त ओरालो लागेको शक्ति हो, अर्को कुरा उद्देश्य भ्रमित शक्ति हो । समस्याग्रस्त र असफल बैचारिकीमा रमाइरहेको शक्तिहो । अनि कम्युनिष्टहरुबाट कसरी बन्छ देश ?

अब अलिकति कांग्रेसको कुरा गरौं- कांग्रेस त जन्मजात लोकतान्त्रिक र समाजवादी पार्टी हो, यसबाट त उन्नत लोकतन्त्र र समृद्धि सम्भव हुन पर्ने, किन भएन ? किनकि उनीहरुले शक्तिको दुरुपयोग गरे । २०४८ सालमा सुरु भएको ३६ से र ७४ को झगडासँगै कांग्रेसको शक्ति देश बनाउँने उद्देश्यबाट 'डिरेल' भइसकेको थियो । जहाँसम्म मधेशकेन्द्रित वा अन्य क्षेत्रीय साना शक्तिको कुरा छ- उनीहरुको उद्देश्य नै देश बनाउँनु हैन । सम्बन्धित क्षेत्र वा समुदायको राजनीति पहुँच र सहभागिता बढाउनु हो, त्यो त उनीहरुले धेरथोर गरेकै छन । जे उद्देश्यमा उनीहरु बनेका हुन्, त्यो सके जति गरेकै छन् । उनीहरुले देश बनाएन भन्ने गुनासो किन गर्ने ?

अब को बाँकी रह्यो ? अनि देश बन्ने, बनाउने अपेक्षाचाहिँ कसबाट ? खोइ शक्ति ? कसैले भन्ला रास्वपाबाट । रास्वपाको अहिलेसम्म कुनै आधिकारिक महाधिवेन नभएको, औपचारिक दस्तावेज नआएको, व्यवहारिक परिक्षण भइनसकेको हुनाले यसबारे अहिले कुनै निष्कर्षमा पुग्नु हतारो हुन्छ । पूर्वाग्रहजस्तो देखिन सक्दछ । तर, अहिलेसम्म यो देश बनाउनका लागि पर्याप्त शक्ति हैन । भबिष्यमा यसका नीति, योजना, सोच र क्रियाकलाप कस्ता हुन्छन, त्यो हेर्न पर्छ ।

यो हिजोको नयाँ शक्ति र विवेकशील साझाजस्तो एक चुनावमै सिद्धिएर जान पनि सक्दछ । सम्हालिएर, सही नीति, योजना र सक्रियतासहित हिंड्यो भने केही गर्न पनि सक्दछ । यो पार्टी निर्माणको प्रारम्भिक चरणमा छ । यसको आन्तरिक चरित्र नै ठोस भइसकेको छैन भने यससंग अपेक्षा र गुनासो आवश्यक नै हुँदैन ।

शक्तिको उद्देश्य र सार्थकता सिद्धान्तबाट मात्र हैन, आकार र योग्यता सिद्धान्तबाट हेर्दा पनि देश बनाउने शक्ति छैन । संसदभित्र १४ बटा दल छन्, तिनको सोच र मूल्यप्रणालीमा एकरुपता छैन । मन्त्री खान त ती मिल्लान, तर राजनीतिमा उद्देश्यमूलक एकता छैन भने त्यसको कुनै अर्थ हुँदैन ।त्यसैले भन्न मन लाग्छ- देश बनाउने गफ गर्नुभन्दा पहिले देश बनाउने शक्ति बनाउन योगदान गरौं । अहिलेसम्म देश बनाउन सक्ने गरी शक्तिको प्रोसेसिङ, उत्पादन, व्यूहीकरण र विन्यास नै भएको छैन । शक्ति जताततै छ तर खेर भइरहेको छ । हामी आफैं खेर फालिरहेका छौं देश बनाउने शक्ति । हामी नै हौं देश नबन्नुको दोषी । *साभार: अनलाइनखबर*

# 'कलामा महिला' नारासहित गायिका सज्जा चौलागाईंले चढिन् जुगल हिमाल




काठमाडौं/'कलामा महिला सहभागिता'को सन्देश दिँदै गायिका सज्जा चौलागाईंले ५ हजार ९२२ मिटर अग्लो जुगल-५ हिमाल आरोहण गरेकी छन् । आरोहीको एक टोलीसहित उनी गत मंगलबार विजयादशमीकै दिनमा चुचुरोमा पुगेकी हुन् ।

चुचुरोमा उनले राष्ट्रिय झण्डा फर्फराउँदै 'कलामा महिला' स्लोगन लेखिएको एक ब्यानर पनि प्रस्तुत गरेकी थिइन् । हिमाल चढेपछि सामाजिक सञ्जालबाट खुसी बाँड्दै सज्जाले कलामा महिला सहभागिता बढ्नु जरुरी रहेको उल्लेख गरेकी छन् ।

'कला कुनैविशेषाधिकार होइन, यो एक अधिकार हो । मानव हुनुको आधारभूत भाग हो । 'कलामा महिलाहरु'को आरोहण नारासहित सबै महिलाको प्रतिनिधित्व गर्न पाउँदा म धेरै खुसी छु,' उनले लेखेकी छन् ।

महिलालाई प्रोत्साहन गर्ने आफ्नो सपना देखेको चर्चा गर्दै उनी लेख्छिन्, 'महिला भएको नाताले मैले सधैं अरू महिलालाई प्रोत्साहन गर्ने र सकेसम्म उनीहरूलाई प्रतिनिधित्व गर्ने सपना देखेको थिएँ र मैले यो गर्ने मौका पाएँ त्यसैले मैले सक्दो प्रयास गरें । यो आरोहण सबै महिलाको लागि हो । म धन्य छु ।' सज्जाले हिमालय सेपहर्ड नेपालको आरोहण युनिटसँग जुगल हिमाल चढेकी हुन् । गायन रियालिटी शो नेपाल आइडल सिजन ३ की विजेता समेत रहेकी सज्जा पछिल्लो समयकी व्यस्त गायिका हुन् ।

# विद्युत् प्राधिकरणले काटिदियो केन्द्रीय कारागारको बिजुली



काठमाडौं/नेपाल विद्युत् प्राधिकरणले केन्द्रीय कारागार, सुन्धाराको विद्युत् लाइन काटिदिएको छ । लामो समयदेखि तिर्नुपर्ने बक्यौता नतिरेको भन्दै मंगलबार प्राधिकरणका कर्मचारीले विजुलीको लाइन काटिदिएका हुन् ।

कारागारका सूचना अधिकारी मित्रलाल लुईंटेलका अनुसार, कारागारजस्तो संवेदनशील ठाउँ विजुली कटौती हुँदा राति कुनै घटना भए समस्या हुने स्थिति सिर्जना भएको छ ।'राति कैदीबन्दीले कुटाकुट गरे, भागे वा अरु समस्या भयो भने परिस्थिति नियन्त्रणमा लिनै असहज हुने स्थिति हुने भयो', उनले भने, 'कारागारजस्तो ठाउँमा विजुली काट्दा समन्वय गर्नुपर्नेमा प्राधिकरणले पनि गरेन ।' स्रोतका अनुसार, केन्द्रीय कारागारको नाममा डेढ करोड रुपैयाँ वक्यौता थियो । '१५ दिनजति अघि ३७ लाख रुपैयाँ तिरेका पनि थियौं, त्योभन्दा धेरै तिर्नलाई बजेट पनि थिएन', लुइँटेलले भने, 'यस्तोमा प्राधिकरणले संवेदनशीलता नदेखाउँदा समस्या भएको छ ।' केन्द्रीय कारागारको सबै ब्लकमा गरेर अहिले ३५ सय भन्दा बढी कैदीबन्दी छन् । नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएका पूर्वगृहमन्त्री बालकृष्ण खाँणदेखि सुनकाण्डका कैदी चुडामणि उप्रेती 'गोरे' पनि केन्द्रीय कारागारमै छन् ।

# २०३४ को विश्वकप फुटबल साउदी अरेबियामा हुने पक्का



काठमाडौं/२०३४ को विश्वकप फुटबल साउदी अरेबियामा हुने पक्का जस्तै भएको छ । अन्तर्राष्ट्रिय फुटबल महासंघ फिफाले यसको औपचारिक घोषणा गर्न भने बाँकी छ ।

एसिया वा ओसिआनामा २०३४ को विश्वकप आयोजना गर्ने निर्णय गरेको फिफाले आयोजनाका लागि प्रस्ताव गर्न दिएको समय सीमा भोलि बुधबारसम्म छ ।

त्यव् समय सकिनु केही घन्टाअघि फुटबल अष्ट्रेलियाले २०३४ को विश्वकप आयोजनाका लागि प्रतिस्पर्धा नगर्ने निर्णय गरेको छ ।

सन् २०२६ को महिला एसियन कप र २०२९ को क्लब वर्ल्ड कप आयोजनामा केन्द्रित हुन यो निर्णय लिएको अष्ट्रलियाले बताएको छ । अष्ट्रेलियाले यसैपालि महिला विश्वकप फुटबल पनि आयोजना गरिसकेको छ ।

अष्ट्रेलियाले २०३४ को विश्वकप आयोजनामा दाबी नगर्ने निर्णय गरेसँगै विश्वकप आयोजनाको दौडमा साउदी अरेबिया एक्लै देखिएको छ । यो अधिकार साउदीले पाएमा १२ वर्षमै दोस्रो पटक एसियामा विश्वकप आयोजना हुने छ । कतारले गतवर्ष विश्वकपको सफल आयोजना गरेको थियो ।

सन् २०२६ को विश्वकप अमेरिका र क्यानडामा तथा सन् २०३० को विश्वकप भने मोरक्को, पोर्चुगल र स्पेनमा हुने छ । सन् २०३० मा विश्वकप फुटबल सुरु भएको १०० वर्ष पुग्ने भएकाले अर्जेन्टिना, पारग्वे र उरुग्वेले केही संस्मरणात्मक खेल आयोजना गर्ने छन् ।

# नेपाली फिल्मलाई दशैं फलिफाप, तिहारमा 'दिमाग खराब'को परीक्षा

काठमाडौं/चाडपर्वमा फिल्म रिलिज व्यावसायिक हिसाबले राम्रो मानिन्छ । यसपालिको दशैंमा रिलिज भएका दुई नेपाली फिल्म 'परदेशी २' र 'पशुपति प्रसाद २ : भष्मे डन'को व्यापारले पनि यसलाई प्रमाणित गर्छ । यी दुवै फिल्मले दशैं विदाको फाइदा राम्रैसित उठाए । र, व्यावसायिक रुपमा पनि सफल ठहरिए । दशैंको माहोलमा दुवै फिल्मप्रति देशभरका हलमा दर्शकको ठूलो क्रेज देखिएको थियो ।

विदेशी फिल्मको चुनौतीका बावजूद दशैंमा दुई नेपाली फिल्म चम्किएका हुन् । 'परदेशी २'ले रिलिजको सातौं दिनमा साउथ फिल्म 'लियो' र आठौं दिनमा बलिउड फिल्म 'गणपत'सँग घरेलू बक्स अफिसमा चर्को प्रतिस्पर्धा गर्नुपरेको थियो । 'पशुपति प्रसाद २'का लागि पनि दुवै भारतीय फिल्म चुनौती बनेको थियो । तर, यी दुई फिल्म कमजोर निस्किँदा दर्शकको रोजाईमा नेपाली फिल्म परे ।

यसपालिको दशैं नेपाली फिल्मका लागि फलिफाप सावित हुँदा अब पखाई र चासो तिहारको छ । कात्तिक २५ गतेदेखि तिहार सुरु हुँदैछ र ३० गतेसम्म तिहारको सार्वजनिक विदा छ । यही मौकामा 'लुट' फेम्ड निर्देशक निश्चल बस्नेतद्वारा निर्देशित फिल्म 'दिमाग खराब' कात्तिक २४ गतेबाट प्रदर्शन हुँदैछ । पर्याप्य विदा रहेकाले फिल्मलाई व्यावसायिक सफलता हासिल गर्ने राम्रो अवसर छ । निर्देशक-निर्माताको टिमदेखि स्टारकास्टसम्म बलियो रहेकाले फिल्मले सुखद् ओपनिङ गर्न सक्ने प्रक्षेपण गरिएको छ ।

# टिकेन नेप्सेको बढोत्तरी, १४ अंकले घट्यो




काठमाडौं/नेप्से मंगलबार १४.२९ अंकले घटेर बन्द भएको छ । सोमबार नेप्से ३.०४ अंकले बढेको थियो ।

नेपाल स्टक एक्सचेन्ज (नेप्से)का अनुसार आज परिसूचक ०.७६ प्रतिशतले घटेर १८६४.४० विन्दुमा बन्द भएको हो । यस दिन ५७ करोड १४ लाख रुपैयाँको सेयर कारोबार भएको छ । सोमबार ६९ करोड ४२ लाख रुपैयाँको सेयर खरिद-बिक्री भएको थियो ।

सर्वाधिक सेयर मूल्य घट्नेमा सोनापुर मिनरल्स एन्ड आयाल लिमिटेड छ । यो कम्पनीको सेयर मूल्य ९.९८ प्रतिशतले घटेर प्रतिकित्ता २५५ रुपैयाँ २० पैसा कायम भएको छ ।

सर्वाधिक सेयर मूल्यवृद्धि महुली लघुवित्त वित्तीय संस्था लिमिटेडको भएको छ । यो कम्पनीको सेयर मूल्य ६.०५ प्रतिशतले बढेर प्रतिकित्ता ७७१ रुपैयाँ कायम भएको छ । कारोबारमा आएका सबै समूहको परिसूचक घटेको छ । यस दिन २८६ धितोपत्रका २२ लाख ५८ हजार १८७ कित्ता खरिद-बिक्री भएको छ ।

# ७ वर्षपछि वर्षाले पाएको हिट



काठमाडौं/फिल्मको सफलता कलाकारमा निर्भर रहँदैन । यदि रहन्थ्यो भने अभिनेत्री वर्षा सिवाकोटीले ७ वर्ष पर्खिनु पर्दैन थियो । सन् २०१६ मा रिलिज भएको फिल्म 'पशुपति प्रसाद'पछि उनले हिटको महसुस नै गर्न पाएकी थिइनन् । यो अवधिमा उनले मुख्य भूमिकामा अभिनय गरेका झण्डै एक दर्जन फिल्म प्रदर्शनमा आए । यसमध्ये उनले ठूलो आशा गरेका फिल्मले समेत सफलता देख्न पाएनन् ।

दशैंको माहोल छोपेर असोज २६ गतेदेखि प्रदर्शनमा आएको फिल्म 'परदेशी २'ले भने उनलाई ७ वर्षपछि हिटको अभाव मेटाएको छ । फिल्म यस वर्षको हिट सावित भैसकेको छ । फिल्मको मुख्य अभिनेत्रीमध्ये एक भएकाले यसको 'क्रेडिट' वर्षाले पनि पाएकी छन् । यद्यपि, उनको अभिनयको खासै प्रशंसा हुन सकेन । त्यसो त फिल्मले पनि समीक्षकबाट उत्ति राम्रो प्रतिक्रिया पाएको छैन ।

फिल्मको प्रचारमा वर्षाभन्दा केकी अधिकारी र प्रकाश सपूत हाबी थिए । मोफसल प्रचारदेखि बाग्लुङ प्रिमियरसम्म निर्माण टिमले केकी र प्रकाशलाई नै काखी च्यापेको थियो । प्रचारमा कम प्राथमिकता पाएको भए पनि फिल्म सफलताको 'श्रेय' उनलाई केकी र प्रकाश बराबर नै मिलेको छ । ७ वर्षदेखि फिल्मको असफलतासँग जुधिरहेकी वर्षाका लागि 'परदेशी २' सञ्जीवनी बुटी बनेको छ ।

रोचक कुरा के छ भने उनको विशेष भूमिका रहेको फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन'ले पनि व्यावसायिक सफलता पाइसकेको छ । अर्थात् यस वर्ष उनलाई दुवै हातमा लड्डूझैं भएको छ । अब उनको पाइपलाइनमा लक्ष्मण रिजालको निर्देशनमा बन्न लागेको फिल्म 'काजी' छ । यसमा उनको जोडी अभिनेता विपिन कार्कीसँग बाँधिनेछ । योबाहेक वर्षाले अरु फिल्म सम्झौता गरेकी छैनन् ।

# मलेसियामाथि कीर्तिमानी जित निकाल्दै नेपाल सेमिफाइनलमा



आइसिसी टी-२० विश्वकपअन्तर्गत एसिया छनोटमा मलेसियालाई ६ विकेटले पराजित गर्दै नेपाल मंगलबार सेमिफाइनलमा प्रवेश गरेको छ।

समूह 'ए' मा लगातार दुई जित निकाल्दै नेपालले समूहको अन्तिम खेलअघि नै सेमिफाइनलमा स्थान पक्का गरेको हो। नेपाल सेमिफाइनल प्रवेश गरेसँगै समूहको अर्को टिम ओमानले पनि अन्तिम चारमा स्थान पक्का गऱ्यो। नेपाल र ओमान दुवैले मलेसिया र सिंगापुरलाई पराजित गर्दै अन्तिम चारमा स्थान बनाएका हुन्। मलेसिया र सिंगापुर भने अन्तिम खेलअघि नै बाहिरिए।

अब नेपाल र ओमानबीच बिहीबार हुने खेलबाट समूह विजेताको टुंगो लाग्नेछ। मंगलबार कीर्तिपुरस्थित त्रिवि मैदानमा मलेसियाले दिएको १६६ रनको नेपालले लक्ष्य १८ ओभरमा ४ विकेटको क्षतिमा पूरा गऱ्यो।

यो लक्ष्य नेपालले टी-२० अन्तर्राष्ट्रियमा पार गरेको अहिलेसम्मकै ठूलो स्कोर हो। यसअघि नेपालले गत साता युएईविरूद्ध १६५ रनको लक्ष्य पूरा गरेको थियो।

नेपालको जितमा कुशल मल्लले अर्धशतक प्रहार गरे। उनले ६५ रनको योगदान गर्ने क्रममा ३४ बलमा २ चौका र ७ छक्का प्रहार गरे। त्यसअघि ओपनर कुशल भुर्तेल ४३ रन बनाएर आउट भए। ५.३ ओभरमा आउट हुनुअघि उनले २५ बलमा ४ चौका र ४ छक्का प्रहार गरे । अर्का ओपनर आसिफ शेख २३ बलमा १ चौका र २ छक्काको मद्दतमा ३२ रन जोडे। कप्तान रोहित पौडेलले २ रन मात्र जोड्न सके। सन्दीप जोराले नटआउट १८ रन र विवेक यादवले नटआउट २ रन जोडे। खेलमा टस जितेर पहिले ब्याटिङ गरेको मलेसियाले ९ विकेटको क्षतिमा १६५ रन जोड्यो।

उत्कृष्ट सुरूआत गरेको मलेसियाले पावर प्लेमा १ विकेटको क्षतिमा ६० रन जोडेको थियो। त्यसपछि भने नेपालले मलेसियाको रन रोक्ने कोसिस गरेको थियो।

नेपालका लागि पहिलो विकेट अभिनाश बोहराले ५.५ ओभरमा लिए। उनले मलेसियाका ओपनिङ ब्याट्सम्यान जुबाइदी जुल्किफलीलाई २४ रनमा कुशल मल्लबाट २४ रनमा क्याच गराए।

अर्को ओभर नेपालले मलेसियाका कप्तान अमहद फइजलाई ३ रनमा रनआउट गऱ्यो। दुई रन लिने चक्करमा रहेका उनलाई करण केसीको थ्रोइङमा विकेटकिपर आसिफले रनआउट गरे ।

त्यसपछि सन्दीप लामिछानेले विरनदीप सिंहलाई ४ रनमा एलबिडब्लूको धरापमा पारे। कप्तान रोहित पौडेलले शर्भिन मुनियान्डीलाई १३ रनमा क्याच गरे। त्यसअघि पाँच बलमा रोहितले १५ रन खर्चिएका थिए।

१४ औं ओभरमा गुल्सन झाले ६८ रन बनाएर खेलिरहेका ओपनर सयद अजिजलाई कुशल भुर्तेलबाट क्याच गराए। मलेसियाका लागि सबैभन्दा बढी रन बनाएका उनले ४९ बलमा ८ चौका र २ छक्का प्रहार गरे। गुल्सन झाले अइनूल अफिजलाई पनि रन आउट गर्न विकेटकिपर आसिफलाई बल दिएका थिए। १८ औं ओभरमा अभिनाशले मोहमद अमिरलाई ८ रनमा बोल्ड गरे। अभिनाशले अन्तिम ओभरमा साजरुल इद्रुसलाई कुशल भुर्तेलबाट ७ रनमा क्याच गराउँदा फित्रि शामलाई ६ रनमा बोल्ड गरेका थिए ।

बलिङमा नेपालका अभिनाश बोहराले ४ विकेट लिए। अभिनाशले ४ ओभरमा २७ रन खर्चिए। सन्दीप लामिछाने, गुल्सन झा र रोहित पौडेलले १-१ विकेट लिए। सेमिफाइनलमा जित निकाल्दै प्रतियोगिताको फाइनल पुग्ने दुई टिमले अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजमा आयोजना हुने टी-२० विश्वकप खेल्नेछन् ।

# दयाहाङ र दीयाको 'दयारानी' माघ २६ मा




काठमाडौं/बक्स अफिसका हिट मेशिन कहलिएका सुपरस्टार दयाहाङ राईको यस वर्ष लगातार फिल्महरु रिलिज भैरहेका छन् । बैशाखदेखि भदौसम्म उनको चारवटा फिल्म प्रदर्शनमा आइसकेका छन्, जसमध्ये दुईवटा व्यावसायिक रुपमा सफल भए । अब यही कात्तिक २४ गतेबाट उनको नयाँ फिल्म 'दिमाग खराब' रिलिज हुँदैछ । यस्तै, माघमा उनको अर्को फिल्म 'दयारानी' रिलिज हुने भएको छ ।

मंगलबार फिल्मको एक पोस्टर सार्वजनिक गर्दै माघ २६ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको हो । फागुन १ गते जनयुद्ध दिवस र २ गते सरस्वती पूजाको सार्वजनिक विदाको मौका छोप्दै फिल्म प्रदर्शनमा आउन लागेको हो । माओत्से गुरुङको निर्देशन रहेको फिल्ममा दयाहाङको जोडी अभिनेत्री दीया पुनसँग बाँधिएको छ । दुवैले यसअघि 'वीर विक्रम र मिस्टर झोले'मा काम गरेका छन् ।

'कबड्डी' निर्माण कम्पनी बासुरी फिल्म्सको प्रस्तुति तथा माओत्से गुरुङ फिल्म्सको निर्माण रहेको फिल्मले एक अहंकारी श्रीमानबाट श्रीमतीले भोग्ने समस्याको कथालाई उठाएको छ । फिल्ममा विजय बराल, प्रमिसा गुरुङ, पुस्कर गुरुङ, टिकाराम घलेलगायतको पनि अभिनय छ ।

गुरुङ भाषाको फिल्म निर्देशन गर्दै आइरहेका माओत्सेले यो फिल्मबाट मूलधारे फिल्ममा पाइला राखेका हुन् ।

फिल्ममा शैलेन्द्र डि. कार्कीको छायांकन छ । मोहन गुरुङ, किरण गुरुङ, केन्द्र लिम्बु, खुशीमान गुरुङ, सुरेन्द्र गुरुङ, सूर्य प्रकाश गुरुङ र न्यू आइटी भेन्चरको सहकार्यमा निर्माण भएको फिल्मका कार्यकारी निर्माता रामबाबु गुरुङ र अपिल विष्ट हुन् । फिल्ममा निर्देशक गुरुङकै लेखन छ । फिल्ममा दीया पुनलाई दयालु युवतीको रुपमा ब्याख्या गर्न खोजिएको निर्देशक गुरुङको भनाई छ ।

**फेरि आफ्नै फिल्मसँग दयाहाङको भिडन्त**

यस वर्षको बैशाख १ गते दयाहाङका दुईवटा फिल्म 'जारी' र 'बिहे पास'बीच भिडन्त भएको थियो । माघ २६ मा पनि यही अवस्था दोहोरिने देखिएको छ । यसअघि यो मिति फिल्म 'हात्तीछाप'ले रोजिसकेको छ, जसमा उनको मुख्य भूमिका छ । अब यही मितिमा 'दयारानी' पनि आउने भएपछि उनलाई तनाव सिर्जना भएको छ । उनले यी दुवै फिल्मको रिलिज मिलाउन पहल गर्नुपर्ने देखिन्छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# बागमतीमा विपद् प्रभावित कृषकलाई राहत रकम वितरणको तयारी

साझाकुरा संवाददाता




हेटौंडा, १४ कात्तिक/ विपद्‌बाट क्षति व्यहोरेका कृषकहरुलाई बागमती प्रदेश सरकारले राहत वितरणको तयारी गरेको छ ।

प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कृषि क्षेत्रमा विपदबाट क्षति व्यहोरेका कृषकहरुलाई राहत वितरणका लागि निवेदन माग गर्दै सूचना जारी गरेको छ । मन्त्रालयले मंगलबार सूचना जारी गर्दै प्राकृतिक विपद्‌बाट कृषि क्षेत्रमा क्षति व्यहोरेका कृषकलाई राहत वितरणका लागि निवेदन माग गरेको हो । मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीका अनुसार आर्थिक वर्ष २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार आपतकालीन र आकस्मिक रोगर क्षति न्यूनिकरण कार्यक्रमअन्तर्गत कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरणको योजना अनुरुप मन्त्रालयले निवेदन माग गरेको हो ।

कृषि क्षेत्रमा विपदवाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०८० बमोजिम राहत वितरण गरिने उनले बताए । उक्त कार्यक्रममा सहभागी हुन इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, कृषि तथा पशुपन्छी फर्महरुबाट आवश्यक कागजात सहित मन्त्रालय वा मातहतका कार्यालयमा सम्पर्क गर्न उनले आग्रह गरेका छन । कार्यविधिको अनुसूची-३ अनुसारको निवेदन, विपद्‌बाट भएको क्षति यकिन हुने स्थानीयको रोहवरमा भएको प्रहरीको घटनास्थल मुचुल्काको सक्कल वा प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, क्षतिको मूल्यांकन हुने कृषि प्राविधिकको प्रमाणित प्रतिवेदन, पीडित कृषक/संस्थाको बैंक खाता नम्बर प्रष्ट देखिने चेकको फोटोकपी सहित उक्त राहत रकम दाबी गर्न सम्बन्धित कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा निवेदन दर्ता गर्न मन्त्रालयले भनेको छ ।

राहत रकम लिनका लागि कृषकहरुले संस्थाको हकमा दर्ता र पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रतिलिपि, कृषक/संस्थाको प्यानरभ्याट नम्बर, सम्बन्धित स्थानीय तहको सिफारिस, कार्यालयको सिफारिस, राहत व्यवस्थापन समितिको सिफारिस, क्षति देखिने फोटोर दृश्य/वृत्तचित्र, बीमा गरेको वा नगरेको स्थानीय तहको सिफारिस, अन्य निकायबाट राहत नलिएको स्थानीय तहको सिफारिस, बीमा गरे नगरेको र राहत नलिएको स्वघोषणा पेस गर्नुपर्ने मन्त्रालयले जारी गरेको सूचनामा भनिएको छ । साथै रित नपुगी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नगराइने मन्त्रालयले सूचित गरेको छ ।

कृषि क्षेत्रमा विपद्‌बाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०८० अनुसार माग दाबीअनुसार अधिकतम १० लाख रुपैयाँसम्म राहत रकम वितरण गरिने सूचना अधिकारी अधिकारीले बताए । उक्त कार्यक्रमका लागि मन्त्रालयले ५ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । सो कार्यक्रम अन्तर्गत गत आर्थिक वर्षमा मन्त्रालयले १ करोड ५७ लाख रुपैयाँ राहत रकम कृषकहरूलाई उपलब्ध गराएको थियो । सो वर्षमा मन्त्रालयले ४१ जना कृषकहरुलाई राहत रकम उपलब्ध गराएको थियो ।

उक्त वर्ष मन्त्रालयले प्रदेशका ११ जिल्लाका विभिन्न ४१ वटा फर्म तथा व्यक्तिहरुलाई राहत रकम किसानकै खातामा जम्मा गरिएको उनले बताए । जसमा चितवनका १२, मकवानपुरका १०, काभ्रेका ८, नुवाकोट, ललितपुर र धादिङको २-२ तथा सिन्धुली, भक्तपुर, दोलखा र काठमाडौंका एक-एक जना कृषक तथा कृषि फर्मलाई राहत रकम वितरण गरिएको थियो । गत आर्थिक वर्षमा पेस भएका केही निवेदनहरु मन्त्रालयमा बाँकी नै रहेको र उक्त निवेदन माथि आवश्यक प्रक्रिया पुरा गरी राहत रकम वितरण गरिने उनले बताए ।

# तिहारमा ४० लाख थान माला खपत हुने अनुमान, ८० प्रतिशत नेपालकै फूलले धान्ने

साझाकुरा संवाददाता



काठमाडौं, १४ कात्तिक/ यस वर्षको तिहारमा ४० लाख थान मालाको खपत हुने अनुमान गरिएको छ । पुष्प व्यवसायीहरुको छाता संस्था नेपाल फ्लोरिकल्चर एसोसिएसनका अनुसार नेपालमा फूल खेतीमा देखिएको आर्कषणका कारण मागको ८० प्रतिशत हिस्सा भने नेपाली फूलको उत्पादनले नै धान्ने देखिएको छ ।

तिहार सुरु हुन दुई साता मात्रै बाँकी रहँदा फूल टिप्न र माला बुन्नका लागि किसानहरुले तयारी थालिसकेको एसोसिएसनले जनाएको छ ।

एसोसिएसनका अध्यक्ष मिनबहादुर तामाङका अनुसार यस वर्षको तिहारका लागि सयपत्री, मखमली, गोदावरी लगायतका फूलका मालामा लगभग नेपाल आत्मनिर्भर भएको बताए ।

उनकाअनुसार यस वर्ष नेपालमा ३५ लाख सयपत्री माला, ४ लाख ५० हजार थान मखमली माला, २० हजार गोदावरी माला र ३० हजार हाराहारी मिक्स माला खपत हुने देखिएको छ । त्यसमध्ये मिक्स मालाका लागि आवश्यक पर्ने गुलाव लगायतका फूलहरु भने आयात गर्नुपर्ने देखिएको संघले जनाएको छ ।

सरकारले यस वर्षदेखि मूल्य अभिवृद्धिको सीमा तोकेका कारण फूल र मालाको मूल्य बढ्ने देखिएको व्यवसायीहरुको दाबी छ ।

यसवर्ष बजारमा सयपत्री माला एक मिटरको थोक मूल्य ७५ र खुद्रा मूल्य १२५ देखि १५० रुपैयाँसम्म पर्ने देखिएको एसोसिएसनले जनाएको छ ।

यस्तै, मखमलीको मालाको मूल्य थोकमा ४५ र खुद्रामा ६० देखि ७० रुपैयाँ पर्ने देखिएको छ । मिक्स माला होलसेलमा ३ सय र खुद्रामा ५ सय रुपैयाँसम्म पर्न जाने एसोसिएसनका अध्यक्ष तामाङ बताउँछन् ।

यस्तै, गोदावरी फूलको मालामा भने एक हजार रुपैयाँबाट सुरु भएर ३ हजार रुपैयाँसम्म पर्ने एसोसिएसनले अनुमान छ ।

'किसानबाट फूल किनेर बिक्री गर्ने व्यवसायीहरुको ५० लाख माथिको कारोबारमा भ्याट लाग्ने भएकाले गत वर्षको तुलनामा माला केही महँगो भएको छ,' अध्यक्ष तामाङले भने ।

अहिले मूल्य अनुमान गरिएको माला एक मिटर आकारको भएको पनि एसोसिएसनले जनाएको छ । यद्यपि काँठ क्षेत्रका किसानले ३ देखि ४ मिटरसम्मको माला पनि बिक्री गर्ने भएकाले मालाको मूल्य थप महँगो हुन सक्ने देखिएको छ । मालाको गुणस्तर र छानोटमा भने उपभोक्ता स्वयम चनाखो हुनुपर्ने एसोसिएसनको भनाइ छ ।

एसोसिएसनका अनुसार नेपालमा हरेक वर्ष पुष्पखेती फैलिंदै गएको छ । खेती र उत्पादन बढेसँगै पुष्प कारोबार पनि वृद्धि भइरहेको छ ।

नेपालमा अहिले करिब ४४ हजार मानिसहरु पुष्प खेती र व्यवसायमा छन् । नेपालका ४८ जिल्लाका २२१ हेक्टर क्षेत्रफलमा व्यावसायिक फूल खेती गरिएको छ भने यसमा ११ सय १६ जना पुष्प व्यवसायीहरु संलग्न छन् ।

आर्थिक वर्ष २०७८/७९ मा नेपालमा ३० प्रतिशतले व्यवसाय वृद्धि भएर फूलको कारोबार २ अर्ब ३० करोड पुगेको थियो ।

तर, आर्थिक वर्ष २०७९/८० मा कारोवारमा ३३.६ प्रतिशतले उछाल आएको एसोसिएसनका अध्यक्ष तामाङ बताउँछन् । गत वर्ष नेपालमा ३ अर्ब ७ करोड रुपैयाँ बराबरको पुष्प व्यासायको कारोबार भएको उनको भनाइ छ । सो वर्ष नेपालले ६८ करोड १८ लाख रुपैयाँ बराबरको फूल निर्यात गरेको सरकारी तथ्यांक छ ।

यस्तै नेपालले ३३ करोडको फूल आयात गरेको भन्सार विभागले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# जुवाको खालबाट कलाकार इकु र गजित विष्टसहित ९ जना पक्राउ



काठमाडौं, १४ कात्तिक/ जुवातास खेलेको आरोपमा प्रहरीले काठमाडौंको मैतीदेवीबाट केही कलाकारलाई पक्राउ गरेको छ ।

शनिबार राति मैतीदेवीको डान्स फिभर नामक डान्स ट्रेनिङ सेन्टरमा जुवातास खेलिरहेको अवस्थामा प्रहरीको सिंहदरबार वृत्तले अभिनेता गजित विष्ट, कोरियोग्राफर गम्भीर विष्ट, कलाकार सुलेमान शंकर (इकु), अभिनेता शंकर आचार्य, गायक चक्र बमलगायत ९ जनालाई पक्राउ गरेको हो ।

उक्त डान्स तालिम केन्द्रलाई अभिनेता गजित विष्टले संचालन गर्छन् । उनीहरुलाई जुवा ऐन अन्तर्गत हिरासतमा राखेर अनुसन्धान गर्न अदालतबाट अनुमति लिएर अनुसन्धान भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौं स्रोतले जानकारी दिएको छ । उनीहरुलाई सिंहदरबार वृत्तको हिरासतमा राखिएको छ ।

# सहकारी शिक्षा शिविर विस्तारित मञ्च कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ हेटौंडा उपमहानगरपालिका वडा नम्वर-१३ मा मंगलबार सहकारी शिक्षा शिविर विस्तारित मञ्च कार्यक्रमको आयोजना गरिएको छ ।

कार्यक्रम महिला मिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेड हेटौंडा-१३ को आयोजनामा भएको हो । सहकारीलाई कसरी अगाडि बढाउने, त्यसमा शेयर सदस्यहरुले खेल्नुपर्ने भूमिका के-कस्ता छन् भन्नेबारे शेयर सदस्यहरुसँग सल्लाह-सुझाव संकलन गरिएको संस्थाका व्यवस्थापक फुलमाया मुक्तानले जानकारी दिइन् । उक्त क्रममा शेयर सदस्यहरुको बिमा सम्बन्धी पनि छलफल गरिएको उनले बताइन् । कार्यक्रममा सहकारी व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष विष्णुमाया लामालगायतको सहभागिता रहेको थियो ।

# सहकारीको अवस्था बुझ्दै उपमहानगरपालिका



साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ बजारमा देखिएको आर्थिक मन्दीका कारण सहकारीमा परेको समस्याको बारेमा बुझ्न हेटौंडा उपमहानगर पालिकाले अनुगमन सुरु गरेको छ ।

उपमहानगर क्षेत्रमा रहेर कारोवार गरिरहेका सहकारीको सहकारीको पारदर्शीता, आर्थिक विश्वसनीयताको बारेमा बुझ्न मंगलबारबाट अनुगमन थालिएको हो । उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको नेतृत्व रहेको टोलीले ७ वटा सहकारीको अनुगमन गरेको छ । अनुगमनका क्रममा सहकारी शाखाका प्रमुख हिमप्रसाद पौडेलले सहकारीले गरीरहेको कारोवारको अवस्था, शेयर सदस्यमा सहकारी प्रतिको विश्वासनीयता, बजेट खर्चको शैलीसहितका विषयमा जानकारी लिएका थिए ।

अनुगमन टोलीले हेटौंडा-२ को साईराम, परिचय, हेटौंडा-१ को अग्रगति, हेटौंडा-१० को सुख समृद्धि, हेटौंडा-७ को हेटौंडा, सृजना बचत तथा ऋण र हेटौंडा-२ मा रहेको ग्रामिण बहुउद्देश्यीय सहकारी संस्थाको अनुगमन गरेको हो ।

अनुगमनका क्रममा उपमहानगरले अहिलेको अवस्थामा सहकारीलाई परेको समस्या र स्थानीय तहबाट समाधानका लागि हुन सक्ने सहजीकरणको उपायका बारेमा छलफल गरिएको थियो ।

# डिजेल र मट्टीतेलको मूल्य घट्यो



काठमाडौं, १४ कात्तिक/ नेपाल आयल निगमले डिजेल र मट्टीतेलको मूल्य लिटरमा ४ रुपैयाँले घटाएको छ । भारतीय आयल कर्पोरेसन (आईओसी) बाट घटेर नयाँ मूल्य आएपछि डिजेलको मूल्य घटाइएको निगममा प्रवक्ता मनोजकुमार ठाकुरले जानकारी दिए । घटेको मूल्य बुधबार बिहान १ बजेदेखि लागु उनले बताए ।

'निगम व्यवस्थापन समितिको निर्णयअनुसार स्वचालित मूल्य समायोजन कार्यविधिलाई यथावत राख्दै डिजेलको मूल्य घटाइएको छ,' ठाकुरले भने, 'अब काठमाडौं उपत्यकामा डिजेल र मट्टीतेलको उपभोक्ता मूल्य प्रतिलिटर १६४ रुपैयाँ प्रतिलिटर कायम भएको छ ।'

आईओसीबाट पेट्रोल र खाना पकाउने ग्याँसको मूल्य बढेर आए पनि ठूला चाडपर्वको मुखमा उपभोक्ता मूल्य नबढाउने सरकारको नीति अनुसार पेट्रोल र खान पकाउने ग्याँसको मूल्य हाललाई यथावत राखिएको निगमले जनाएको छ ।


**जय शिव शम्भो**

**धार्मिक यात्रामा जाने हो ?**



मथुरा, वृन्दावनको लागि
२०८० मंसिर १४ गते
रिजर्भ बस खुल्दैछ

*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**
**गोपाल थापा**
**हेटौंडा बसपार्क**
**९८४५२९७६८१**


# बकैयामा मिनिट्रक दुर्घटना हुँदा दुई जना घाइते

साझाकुरा संवाददाता



हेटौंडा, १४ कात्तिक/ जिल्लाको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिकामा सवारी साधन दुर्घटना हुँदा २ जना घाइते भएका छन ।

हेटौंडा-धरान-चतरा सडकखण्डअन्तर्गत बकैया गाउँपालिका वडा नम्वर-५ तिनतलेमा मंगलबार दिउँसो मिनिट्रक दुर्घटना हुँदा उनीहरु घाइते भएका मकवानपुर प्रहरीले जनाएको छ । हेटौंडाबाट फापर बारीतर्फ जाँदै गरेको बा प्र ०३-००१ क ०७९२ नम्वरको पानी लोड गरेको मिनिट्रक आँफै अनियन्त्रित भई सडकबाट ७ मिटर तल खसी दुर्घटना हुँदा बकैया-७ हर्दाका युवराज सापकोटा र सहचालक बकैया-६ गवरस्थानका दिनेश लामा घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुर प्रवक्ता, प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

घाइते ट्रकमा सवार २६ वर्षीय सापकोटा र ट्रकका सहचालक २८ वर्षीय दिनेश लामालाई हेटौडा अस्पतालमा उपचारको ल्याइएकोमा लामालाई थप उपचारको लागि चितवन भरतपुरको पुरानो मेडिकल कलेज रिफर गरिएको भण्डारीले बताए । अर्का घाइते सापकोटाको भने हेटौंडा अस्पतालमा नै उपचार भइरहेको छ । प्रहरीले ट्रक चालक हेटौंडा उपमहानगरपालिका वडा नम्वर-३ लेवट बस्ने ३२ वर्षीय हर्कबहादुर ब्लोनलाई नियन्त्रणमा लिई घटनाको बारेमा आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ ।

# थाहाका खेलाडी भलिबलमा भाग लिन जिरी प्रस्थान

साझाकुरा संवाददाता



हेटौंडा, १४ कात्तिक/ थाहा नगरपालिकाको भलिवल टोली दोलखाको जिरीमा १५ कात्तिकदेखि हुने जिरी च्याम्पियनसिपमा भाग लिन प्रस्थान गरेको छ ।

युवा सञ्जाल जिरीको आयोजनामा जिरी च्याम्पियनसिप २०८० हुन लागेको हो । थाहा नगरपालिकाबाट छानिएका खेलाडीहरुको टिम च्याम्पियनसिपमा भाग लिन १४ कात्तिकमा जिरी प्रस्थान गरेको हो । नगरपालिकाका प्रमुख विष्णुबहादुर विष्ट, उपप्रमुख भरत गोपाली र प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले जितको शुभकामना सहित टोलीलाई विदाई गरेका थिए । मंगलबार जिरी पुगेर विश्राम गर्ने र भोलि (१५ कात्तिक)मा प्रतियोगितामा सहभागी हुने टिम व्यवस्थापक रुपका कार्कीले जानकारी दिए ।

टोलीमा टिम क्याप्टेन बलराम सुवेदी, कुशल लामा, राम कार्की, मनिष लामालगायत खेलाडीहरु सहभागी छन् । दोलखाको पर्यटकीय जिरीस्थित दोलखामा खेलकुद महोत्सवकै रुपमा च्याम्पियनसिपको आयोजना गर्न लागिएको आयोजकले जानकारी दिएको छ । भलिबल खेलको प्रथम पुरस्कार राशि नगद १ लाख ५१ हजार रुपियाँ रहेको छ । द्बितीय १ लाख १ हजार, तृतीय ५१ हजार र सान्त्वना पुरस्कार राशि २५ हजार रुपियाँ रहेको छ ।


**हेटौंडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**व्यवसाय दर्ता घुम्ती शिविर सञ्चालनसम्बन्धी सूचना**

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र व्यापार वा पेशा व्यवसाय संचालन गरिरहनु भएकाहरुको लागि आ.व. २०८०/८१ को पौष मसान्तसम्म व्यवसाय दर्ता गर्न आएमा एक पटकको लागी विगत ३ वर्षको मात्र राजश्व लिई व्यवसाय दर्ता घुम्ती परिचालन टोली निम्न वडा ३, ४, ५, ६, ७, ८, ९, ११, १२, १३, १४, १५, १६, १७, १८ र १९ वडाहरुमा मिति २०८० कात्तिक १३ गते देखि पौष मसान्तसम्म तपशिल अनुसारको मितिहरुमा सन्चालन गरिने भएको हुंदा सम्बन्धित व्यवसायी, उद्यमी, सस्थागत विद्यालय, निजी कम्पनि, व्यापार व्यवसाय लगायतका बिभिन्न आयमूलक काममा संलग्न फार्महरुलाई व्यवसाय दर्ता गर्नु हुन जानकारी गराईन्छ । र बांकी वडाका व्यवसायीहरुले आफुलाई पायक पर्ने वडा तथा हे.उ.म.न.पा.को राजश्व शाखामा आई व्यवसाय दर्ता गर्न सकिने छ । साथै व्यवस्थाय दर्ता गर्न आउँदा तपशिलका कागजात लिइ आउनु हुन अनुरोध गरिन्छ ।

**तपशिल:-**
१. व्यवसाय दर्ता निवेदन पत्र ।
२. व्यवसाय अन्य निकायमा दर्ता भएको भए सोको प्रतिलिपी ।
३ आफ्नै छ र भएमा लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी (एकाघरको हकमा मन्जुरीनामा ) ।
४. बहालमा भएमा घर धनिको लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी साथै बहाल सम्झौता पत्रको प्रतिलिपी ।
५. व्यवसायीको नेपाली नागरिकताको फोटोकपी र दुई प्रति पासपोर्ट साइजको फोटो ।
६. कम्पनी/प्रा.लि. को हकमा प्रवन्धपत्र, नियमावली, प्रा.लि.दर्ता प्रमाण पत्रको प्रतिलिपी,अख्तियार नामा लिई दर्ता गर्न आउने व्यक्तिको नागरिकताको प्रतिलिपी, तथा कम्पनीको छाप अनिवार्य ।
७. सर्जिमिन गर्नुपर्ने प्रकृतिका व्यवसायलाई स्थलगत सर्जिमिन मुचुल्का तथा वडाको सिफारिस ।

**पुनश्च :-**
माथि उल्लेखित कागजात नभएमा निम्न कागजाश पेश गर्नु पर्नेछ ।
१. ऐलानी तथा पर्ती जग्गामा अस्थाई बसोबास गर्ने व्यक्तिहरुले जग्गा धनी प्रमाण पुर्जा (निस्सा कार्ड)
२. सम्बन्धित वडा कार्यालयको शिफारिस ।
३. बिगतका सुकुम्बासी समाधान आयोगमा दर्ताको लागि पेश गरेको निस्सा र खानेपानी तथा बिद्युत मिट्र जडानको प्रमाइँ लिई आउनु हुन जानकारी गराईन्छ ।

**तपशिलका वडा कार्यालयहरूमा व्यवसाय घुम्तीशिविर सन्चालन गरिने छ ।**

| सि.नं. | वडा नं. | मिति |
|---|---|---|
| १ | १९ | २०८०/०७/१३ देखि २०८०/०७/१५ |
| २ | ३ | २०८०/०७/१६ देखि २०८०/०७/१९ |
| ३ | ११ | २०८०/०७/२० देखि २०८०/०७/२२ |
| ४ | १२ | २०८०/०७/२३ देखि २०८०/०७/३० |
| ५ | १३ | २०८०/०८/०४ देखि २०८०/०८/०६ |
| ६ | १४ | २०८०/०८/०७ देखि २०८०/०८/१० |
| ७ | १५ | २०८०/०८/११ देखि २०८०/०८/१३ |
| ८ | १८ | २०८०/०८/१४ देखि २०८०/०८/१७ |
| ९ | १७ | २०८०/०८/१८ देखि २०८०/०८/२० |
| १० | १६ | २०८०/०८/२१ देखि २०८०/०८/२४ |
| ११ | ६ | २०८०/०९/२५ देखि २०८०/०८/२७ |
| १२ | ७ | २०८०/०८/२८ देखि २०८०/०९/०१ |
| १३ | ८ | २०८०/०९/०२ देखि २०८०/०९/०४ |
| १४ | ९ | २०८०/०९/०५ देखि २०८०/०९/०८ |
| १५ | ४ | २०८०/०९/११ देखि २०८०/०९/१३ |
| १६ | ५ | २०८०/०९/१६ देखि २०८०/०९/१८ |

**हेटौडा उपमहानगरपालिका**
**राजश्व प्रशासन शाखा**


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना